# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १६२ | बुटवल | २०८२ जेठ २५, गते आइतबार | नेपाल संवत ११४५ | Sunday June.08, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक
कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१


## अदालतले न्याय दिन्छ : नेपाल



बुटवल । पूर्वप्रधानमन्त्री एवं नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले आफूलाई अदालतले न्याय दिने बताएका छन् ।

मधेश प्रदेश सम्पर्क कमिटीको प्रथम अधिवेशनलाई सम्बोधन गर्दै उनले भने-'सबै गलत आरोपहरुका विरुद्धमा दृढका साथ उभिने छ । मलाई विश्वास छ - न्याय पालिकाले न्याय दिनेछ । न्यायको जित हुनेछ । अन्यायको हार हुनेछ ।'

उनले आफूमाथि लगाइएको भ्रष्टाचार मुद्दाको आधार नभएको बताउँदै त्यस्तो गलत आरोपको डटेर सामना गर्ने बताए । अहिलेसम्म एक पैसा र एक दाम जग्गा घुस नखाएको बताउँदै उनले डराउनु पर्ने आवश्यक नभएको जनाए ।

'हामी आत्तिनु पर्ने आवश्यकता छैन । चुनौती आइलागेको छ । यसको सामना गर्ने हो । हामी भाग्ने होइन', उनले अघि भने-'असल मनसायका साथ कुनै काम गरिएको छ भने आत्तिनु पर्ने केही आवश्यक हुँदैन ।'

## गभर्नर प्रकरणले सरकार ढल्न लागेको थियो : कांग्रेस प्रवक्ता

बुटवल । नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले २०८४ को चुनावमा ०८४ को चुनावमा कम्युनिष्टहरु एक्लाएक्लै लड्ने शर्तमा एमालेसँग ७ बुँदे सहमति गरेको बताएका छन् । अर्घाखाँची-रुपन्देही सम्पर्क समाजको दोस्रो अधिवेशनलाई बुटवलमा सम्बोधन गर्दै उनले आगामी चुनावमा कम्युनिष्ट पार्टीहरु गठबन्धन नगरुन् भन्ने उद्देश्यले एमालेसँग सात बुँदे सहमति गरेर सत्ता सहकार्य गरेको बताए ।

'खासगरी आगामी चुनावमा कम्युनिष्ट कम्युनिष्ट नमिलून्, त्यो सुनिश्चित गरेर एक्लाएक्लै चुनाव लडौँ, हामीले अहिले लक्ष्य राखेको पनि त्यही हो । अहिले सात बुँदे सहमति पनि एमालेसँग त्यहीअनुसार भएको छ, एमाले प्रतिस्पर्धी पार्टी हो,' उनले भने-'सरकार बाहिर बस्दा एमालेले राज्यका सबै निकाय कब्जा गर्छ भन्ने भएर पनि सहकार्य भएको हो, किनकी एमालेको जस्तो सञ्जाल हाम्रो छैन । '

निर्वाचन प्रणालीको कारणले कसैको वहुमत नआउने भएकाले चुनावपछि सरकार बनाउन कसै न कसैसँग मिल्नुपर्ने बाध्यता रहेको उनले बताए ।

प्रवक्ता महतले एमाले नेतृत्वको सरकार बनाएर कांग्रेसले सबै कुरा नसुम्पिएको दाबी गरे ।

गभर्नर नियुक्तिमा ढिलाइ र चलखेलको विषयले सत्ता गठबन्धनमा खतराको घण्टी बज्यो भनेर निष्कर्षमा पुगेको र सभापतिको अडानले नियुक्त भएपछि गठबन्धन जोगिएको खुलासा गरे ।

अपाङ्गमैत्री भौतिक संरचना

# कार्यान्वयन नै मुस्कील

**सार्वजनिक सरोकारका स्थलका भौतिक संरचना अपाङ्गतामैत्री हुनुपर्ने व्यवस्था छ, ती क्षेत्र अपाङ्गता मैत्री नहुँदा सबै वर्गका अपाङ्गता भएका व्यक्तिहरूले सास्ती खेप्दै आएका छन् ।**





**इन्दु गौतम**

*बुटवल*

बुटवल उप-महानरपालिका वडा नम्बर ११ माझगाँउ बस्ने धर्मेन्द्र परियारको दुवै खुट्टा नचल्ने भएकाले आफैं विद्यालय आउन सक्दैनन् । नविन औद्योगिक कदरबहादुर रिता मावि देवीनगरमा आधारभूत तहमा अध्ययनरत उनलाई आमा कृष्णकुमारी परियारले ह्वीलचियरमा डोऱ्याउँदै विद्यालय ल्याउने र घर लैजाने गर्छिन् ।

धर्मेन्द्र स्कुल आउने दिन कृष्णकुमारीको काम नै बिहान छोरालाई विद्यालय ल्याउने र साँझ त्यसैगरी घर लैजाँदैमा बित्ने गर्छ । कृष्णकुमारीको यो दैनिकी नै बनेको छ । कृष्णकुमारीका श्रीमान बेपत्ता भएको धेरै वर्ष भयो । घरमा नियमित आयस्रोतको कुनै बाटो छैन ।

बिहान साँझ छोरालाई विद्यालय लैजाने र घर ल्याउनुपर्दा कृष्णकुमारी अन्यत्र काममा जान पनि पाउँदिनन् । जसले गर्दा उनको दैनिकी कष्टकर बनिरहेको छ । विद्यालयले धर्मेन्द्रलाई भर्नामा छुट दिएपनि ऋण खोजेर विद्यालय पोशाक र कपि किताब जुटाउने गरेकी छन् । अपाङ्गता भएका धर्मेन्द्रलाई विद्यालयले पूर्ण छात्रवृत्ति दिन्छ भन्नेमा कृष्णकुमारी आशावादी छिन् ।

शारीरिक रुपमा कमजोर बुटवल कालिकानगरका सम्भव ज्ञवाली पनि आफैं हिँडेर विद्यालय जान सक्दैनन् । आमा सुरक्षा ज्ञवालीको दैनिकी पनि कृष्णकुमारीको जस्तै बिहान साँझ छोरालाई विद्यालय लैजाने र घर ल्याउने गर्दैमा बित्ने गर्छ । कालिका मानवज्ञान मावि कक्षा ४ मा अध्ययरत सम्भव बैशाखी टेकेर हिँड्डुल गरे पनि एक्लै विद्यालय जान भने सक्दैनन् । विद्यालयसम्म पुग्ने सडक, चमेना गृह, शौचालयलगायत विद्यालयको भौतिक संरचना अपाङ्गतामैत्री नहुँदा विद्यालय परिसरमा हिँड्डुल गर्न उनिहरुलाई शिक्षक र साथीहरुको सहयोग चाहिन्छ ।

पुराना मात्र होइन विद्यालयका नयाँ भौतिक संरचना समेत अपाङ्गतामैत्री नहुँदा धर्मेन्द्र र सम्भव जस्तै शारीरिक रुपमा अशक्त र अपाङ्गता भएका विद्यार्थीहरुले कष्ट भोगिरहेका छन् । बुटवलका सामुदायिक विद्यालयहरु शैक्षिक गुणस्तरको हिसाबले मुलुकमै उत्कृष्ट हुँदै आएका छन् तर, अपाङ्गतामैत्री भौतिक संरचनाको हिसाबले भने बलियो बन्न सकेका छैनन् ।

बुटवलका कालिका मानवज्ञान, कान्ति र नविन औद्योगिक कदरबहादुर रीता माविमा भर्ना हुन विद्यार्थीहरुको तिव्र प्रतिष्पर्धा हुने गर्छ । यी विद्यालयले पनि शारीरिक रुपमा अशक्त र अपाङ्गता भएका विद्यार्थीहरुलाई भुइतल्लामै राखेर सक्दो सहजीकरण्को वातावरण मिलाएर पठनपाठन गराउँदै आएका छन् ।

बुटवल-११ देवीनगरस्थित नविन औद्योगिक कदरबहादुर रीता माविका प्राचार्य प्रेमबहादुर बस्नेत पुरानो भौतिक संरचना भएकोले विद्यालयलाई पूर्णरुपमा अपाङ्गतामैत्री बनाउन नसकिएको बताउँछन् । 'शौचालय, चमेनागृह र भुइतल्लाको कक्षाकोठा अपाङ्गतामैत्री बनाउन कतिपय स्थानमा र्याम्प निर्माण गरिएको छ ।'- प्राचार्य बस्नेतले भने ।

पाँच हजार विद्यार्थी रहेको उक्त विद्यालयमा 'क' वर्गका २ जना तथा 'ख' र 'ग' वर्गको एकएक जना गरी ४ जना अपाङ्गता भएका विद्यार्थी अध्ययनरत छन् । चालुआर्थिक वर्षमा संघीय सरकारको साढे चार करोड र बुटवल उप-महानगरपालिकाको ५० लाख रुपैयाँको बजेटमा भौतिक संरचना निर्माणको काम भइरहेको छ । तर, दुःखको कुरा बन्दै गरेका संरचनामा पनि अपाङ्गतामैत्री संरचनाको रेखाङ्कन गरिएको छैन । प्राचार्य बस्नेत अहिले बनिरहेका संरचनालाई अपाङ्गतामैत्री बनाउन पहल गर्ने बताउँछन् ।

विद्यालयका सह-प्रधानाध्यापक रोमनाथ घिमिरे अहिले अधिकांश भौतिक संरचना अपाङ्गमैत्री नभए पनि अब बन्ने संरचनालाई अपाङ्गतामैत्री बनाइनुपर्ने बताउँछन् ।

कालिका मानवज्ञान माविका प्राचार्य दिनेश थापा पनि अहिलेका भौतिक संरचना पुरानै भएकोले अब बन्ने संरचना अपाङ्गमैत्री बनाउने बताउँछन् । 'अब बुटवलमा विद्यालयको वर्गीकरण गरी अपाङ्गतामैत्रि विद्यालय भवन बनाउन आवश्यक छ, त्यसको जिम्मेवारी निश्चित विद्यालयलाइ दिन सके प्रभावकारी बन्न सक्छ ।'- उनले भने । प्राचार्य थापा उप-महानगरपालिकाले चाहे कालिकाले उक्त काममा सहकार्य गर्ने बताए ।

नेपाल सरकारले अपाङ्गता भएकाहरुको सुरक्षा तथा सबै क्षेत्रमा उनीहरुको पहुँच होस् भनेर अपाङ्गता मैत्री संरचना निर्माणको लागि अपाङ्गता अधिकारसम्बन्धी ऐन २०७४ नै जारी गरेको छ । सार्वजनिक सरोकारका नयाँ निर्माण हुने भौतिक संरचना अपाङ्गमैत्री हुनैपर्ने ऐनमा व्यवस्था गरिएको छ ।तर, विद्यालयका भवन मात्र होइन, सार्वजनिक सडकका पेटी, आकाशे पुल, फुटपाथ समेत अपाङ्गमैत्री नहुँदा सम्भव र धर्मेन्द्रहरुले सास्ती खेप्दै आएका छन् ।

ऐनमा व्यवहारिक कुरा उल्लेख भएता पनि सरकारी भवन पूर्ण रूपमा अपांगता भएका व्यक्तिको पहुँचमा छैनन् । २०७४ को निर्वाचन पश्चात स्थानीय सरकारको स्थापनासँगै प्रमुखताका साथ प्रशासनिक संरचना बनाउने होडबाजी नै चल्यो । बुटवल उप-महानगरपालिकाले पनि सुविधासम्पन्न प्रशासनिक भवन निर्माण गऱ्यो ।

» *बाँकी ३ पेजमा*

# दलाल पुँजीवादले संसददेखि अदालतसम्म किन्छ : भुसाल

## प्रधानमन्त्रीले बदलाको भावनाले मुद्दा अघि बढाएको आरोप



बुटवल । नेकपा एकीकृत समाजवादीका महासचिव घनश्याम भुसालले नेपालको सबैजसो क्षेत्रमा केन्द्रदेखि तलसम्म दलाल पुंजिवाद हावी रहेको बताएका छन् ।

लेखक मनिकर कार्कीको 'अर्थदृष्टि' पुस्तकको विमर्श कार्यक्रममा बोल्दै भुसालले दलाल पुँजीवादले संसददेखि अदालतसम्म किन्न सक्ने बताएका हुन् । 'दलाल पुँजीवादले संसद,पार्टी, नेता, अदालत, न्यायाधीश किन्छ, बिहानै किन्छ, दिउँसै किन्छ कसैलाई बाँकी राख्दैन,' भुसालले भने-'पुलिस प्रशासन पनि किन्छ, यसलाई फेर्न पर्छ, तर सजिलो छैन ।'

अर्थतन्त्रको चरित्र नफेरेसम्म मुलुकको विकास र प्रगती नहुने उनले बताए ।

दलाल पुँजीवादबाट मुक्त हुन सबैभन्दा पहिला राजनीतिक दलहरु भित्रै र बाहिर बौद्धिक वर्गले वहस चलाउनुपर्ने भुसालले बताए । ठूला दलका दोस्रो र तेस्रो तहका नेताहरु नेतृत्वका चाकर मात्रै बनेको आरोप लगाउँदै नेतृत्वको गलत कदमविरुद्ध बोल्न नसकेको भुसालले बताए ।

उनले दलाल पुँजीवादले रोजगारी दिन र सुशासन ल्याउन नसकेको तर नाफा मात्रै कमाइरहेको टिप्पणी गरे । राष्ट्रिय पुँजीले मात्रै उत्पादन र रोजगारी दिन सक्ने उनले प्रष्ट पारे ।

महासचिव भुसालले राज्यकोषको दोहन गर्न सत्तारुढदलका कार्यकर्ताहरुको पल्टन नै बनेको पनि बताए । '१५ देखि २० लाख वा थोरै धैरै हुनसक्छ, कार्यकर्ताहरुको हैसियत र पद अनुसार लाभ लिने काम भइरहेको छ ।'- उनले भने । भुसालले नेपालको विकास नहुनुको पछाडि बौद्धिक क्षेत्रको भूमिका कमजोर हुनु पनि कारक रहेको बताए । उनले बौद्धिक क्षेत्रले मात्रै आलोचनात्मक हिसाबले दल र नेताहरुलाई सुधार गर्न सक्ने जनाए ।

उनले बुटवललाई कर्मथलो बनाएका मनिकर कार्कीले अर्थदृष्टि पुस्तकबाट नेपालको अल्पविकासको ऐठनलाई प्रस्तुत गरेको बताए । उनले नेपाल पृथ्वीनारायण शाहको पालाको करिव सय वर्ष एकिकरण र युद्ध, राणाकालको सय वर्षभन्दा बढी राणाहरुको मोजमस्तीमा राज्यश्रोत खर्च हुँदा पनि विकास हुन नसकेको बताए ।

यसैबिच महासचिव घनश्याम भुसालले पार्टी अध्यक्ष माधवकुमार नेपाल पतञ्जलीको जग्गा प्रकरणमा नमुछिएको दाबी गरेका छन् । उनले आफूहरूले कानुन र अदालतको सम्मान गर्ने तर, अख्तियारले दाबी गरेजस्तो अनियमिततामा संलग्न नरहेको प्रष्टाए । गृहजिल्ला रूपन्देहीको तिलोत्तममा पार्टी कार्यक्रमलाई शनिबार सम्बोधन गर्दै महासचिव भुसालले यस्तो बताएका हुन् । उनले प्रधानमन्त्री केपी शर्मा ओलीले अख्तियारले नै तामेलीमा राखिसकेको मुद्दालाई बदलाको भावनाले अगाडि बढाइएको बताए ।

» *बाँकी ३ पेजमा*




## सम्पादकीय

# दाउन्नेको सास्ती हटाऊ

पूर्व-पश्चिम महेन्द्र राजमार्गको दाउन्ने खण्ड यात्रुका लागि सास्ती भएको छ। लामो जामको सास्ती एकातिर छ, वर्षा हुँदा हिलाम्मे र हिउँदमा धुलोले यात्रुले व्यहोरिरहेको कठिनाइ धेरै छ। तीन वर्षमा बन्नुपर्ने सडक सात वर्ष नाघ्दा समेत बन्न नसक्दा समस्या भएको छ। समयमै गन्तव्यमा पुग्न नसक्दाका अप्ठ्यारा अनगिन्ती छन् ।

दाउन्नेको १४ किमी सडकको लथालिङ्ग अवस्थाले यात्रुले चरम लापरबाही देखिरहेका छन् । जब तोकिएको समयसीमामा सडक बनाउन सकिदैनथ्यो भने चुरे क्षेत्रको कमजोर भूभागमा सडक खोतल्नु हुँदैनथ्यो। बेलैमा बनाउन पहल गर्दागर्दै हुन नसकेको नभई सुरुदेखि नै ढिलाइ भएको हो। भौगोलिक अवस्थाको हेक्का नराख्नु सडक आयोजना र निर्माण कम्पनीको कमजोरी हो । कमजोर भौगोलिक बनोट भएको ठाउँमा सडक निर्माणको काम जटिल हुन्छ भन्ने हेक्का नराखी काम अघि बढाउँदाकै परिणाम अहिले सडक लथालिङ्ग भएको हो। अनेकौँ तगारा हटाउँदै बुटवल-नारायणगढ सडकको दाउन्नेको १४ किमि बाहेक अरु खण्डमा एकतर्फी पक्की लगभग पूरा भएको छ । एकतर्फी सडक पक्की हुँदा यात्रुलाई धेरै सहज भएको छ। सडक निर्माणका लागि काम सुरु गर्ने, तर पूरा नगरी लामो समय अलपत्र राख्ने प्रवृत्ति मौलाउँदाको सास्ती अन्ततः यात्रुले भोग्दै आएका छन् । निर्माण व्यवसायीको कमजोरी एकातिर छन्, अर्कोतिर राज्य संयन्त्रले सडक निर्माणको काम चुस्त र व्यवस्थित बनाउन ध्यान नदिएका कारण समस्या चुलिएको हो । राज्यप्रति गुनासो बढेको हो ।

एशियाली विकास बैंकको ऋण सहयोगमा बन्न लागेको यो सडक चाइना स्टेट कम्पनीले २०७९ साउन २२ गतेसम्म सक्नेगरी २०७५ चैत ८ गते शुरु भएको हो । नारायणगढ-बुटवल सडक खण्ड कुल १ सय १३ किमि हो। बजार क्षेत्रमा सर्भिस लेनसहित ६ लेन, दाउन्ने सडक खण्डमा तीन र अन्य क्षेत्रमा चार लेनको सडक निर्माण हुँदैछ। २२ वटा पुलको निर्माणमध्ये अधिकांश सकिएका छन्, केही बाँकी छन्। एकतर्फी कालोपत्रे गर्ने गरी आवागमनलाई सहज बनाएसँगै दाउन्नेको सास्ती कहिलेसम्म भन्ने प्रश्न उठेको छ। दाउन्नेमा कालोपत्रेको साटो ढलान गर्ने तयारी छ।

दाउन्नेको सास्तीलाई न्यूनीकरण गर्न पहिरो तत्काल पन्छाउने, वर्षायाममा सडकमा निस्किएको पानी र ट्रक पार्किङ्लाई व्यवस्थापन गर्नु पर्दछ। साँगुरो सडकमा पार्किङ् गरेर चालक सुत्दा आवागमन गर्ने यातायातका साधनलाई असहज भइरहेको छ। दाउन्ने पहाडमा ट्रक रोकेर सुत्ने चालकलाई कानुनअनुसार कारबाहीको दायरामा ल्याउन बेवास्ता हुँदा समस्या बल्झेको हो । प्रहरीको सक्रिय पहलकदमी हुने हो भने लामो जामबाट दाउन्नेलाई मुक्त गर्न सकिन्छ। लुम्बिनी र गण्डकी प्रदेश प्रहरीबिच समन्वय गरी प्रहरी सक्रियता बढाउँदा यात्रुले व्यहोरिरहेको सास्ती हटाउन सकिन्छ।

# मानव तस्करीको जालो



**विन बहादुर कुँवर**

*आम पार्टी पदाधिकारीलगायत सांसद-मन्त्री जो कोही पनि शुद्ध र चोखा छैनन्, सबै यस्ता कुनै न कुनै काण्डमा डामिएकै छन् । त्यसैले यो व्यवस्थाकै विकल्प जरुरी छ । यसको अर्थ पुराना-पञ्चे-मण्डले र राजावादी छाउरा छाउरीहरुले भन्ने गरेको प्रतिगामी विकल्प होइन। विकल्प अग्रगामी जनगणतन्त्रको हो । देशका किसान मजदूर-सर्वहारा वर्गको नेतृत्वमा आम देशभक्त तथा जनतान्त्रिक शक्ति सम्मिलित नयाँ जनवादी राज्य व्यवस्था नै यसको मूल विकल्प हो।*

भनिन्छ-'ओरालो लागेको मृगलाई बाच्छाले पनि खेद्छ' अर्थात् लखेट्छ । ठीक यो आज वर्तमान नेपाली कांग्रेस र एमाले नेतृत्वको संयुक्त सरकारका प्रधानमन्त्री केपी ओली र उनका गृहमन्त्री रमेश लेखकमाथि भइरहेको छ । सदनमा माओवादीसहितका विपक्षी दलहरुले गृहमन्त्रीको राजीनामा माग्दै सदन अवरुद्ध पारिरहेका छन् । यातायात व्यवसायीहरुको हड्ताल, सरकारी कर्मचारीको माग र त्यसका लागि दिनहुँ विरोध प्रदर्शन आदिले सरकार चारैतिरबाट एक्लिदै जान थालेको छ । अझ यही बेला व्यवस्थाकै विरुद्ध पुराना पञ्चे-मण्डले र दरबारीयाहरुले गत जेठ १५ गतेदेखि काठमाडौं राजधानी केन्द्रित अनिश्चितकालीन आम हड्ताल र विरोध प्रदर्शन गरिरहेका छन् ।

मानौं अबको समय र बेला यही हो सरकार-व्यवस्था सबै पल्टाउने अनि आ-आफ्ना सबै माग पूरा गराई छाड्ने। प्रतिपक्षी दल माओवादी, रास्वपा र एस समाजवादी यही मौकामा अर्थात् सरकार चारैतिरबाट एक्लिएको। अलोकप्रिय र बदनाम भइरहेको अवस्था मौकामा चौका मार्ने । सरकार पल्टाई आफू पुनः सत्तामा जाने दाउमा छन् । त्यस्तै कर्मचारी र यातायात व्यवसायीहरु पनि सरकारलाई धम्काएर आ-आफ्ना सबै माग पूरा गराई छाडने योजनामा छन् । उता पुराना पञ्चे-मण्डले र दरबारीयाहरु पनि यो व्यवस्थालाई उल्टाएर फेरि त्यही पुरानै सामन्ती, दलाल र दरबारीया निरंकुश शासन सत्ता पुनर्स्थापना गराउने प्रतिगामी हर्कतमा छन् । यसरी अन्ततः सरकार चारैतिरबाट एक्लिएको र लखेटिएको अवस्थामा छ।

सर्वप्रथम पहिले वर्तमान चालु संघीय सदन अवरुद्धबारे चर्चा गरौं । विषय भ्रष्टाचारकै छ । केही दिन पहिला त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलको अध्यागमन विभागबाट त्यसका प्रमुख सह-सचिव दीर्घराज भट्टराईलाई अख्तियारले केही सोधपुछका लागि गिरफ्तार गऱ्यो । त्यसको लगत्तै नेपालका विभिन्न सञ्चार माध्यमहरुमा भिजिट ट्राभल भिसाको नाममा दैनिक लाखौं रुपैयाँ असुली गर्ने गरेको आरोप उनीमाथि लाग्यो। त्यसमा गृहमन्त्रीको समेत संलग्नता भएको प्रचारप्रसार भयो। अनि त प्रतिपक्षी दलहरु के खोज्छस् आँखा भन्ने उखान चरितार्थ सबैले अब तत्कालै गृहमन्त्रीको राजीनामाको माग अघि सारे।

आफू मातहतका कुनै पनि कर्मचारीले त्यस्तो अपराध गर्छ भने त्यसको नैतिक जिम्मेवारी सम्बन्धित निकायको मन्त्रीले लिनुपर्छ। यो संसदीय राज्य व्यवस्थामा त्यस्ता धेरै मन्त्रीहरुले त्यसको जिम्मेवारबोध गरी पदबाट राजीनामा गरेका थुप्रै उदाहरणहरु छन् । यतिसम्मकि रेल दुर्घटना हुँदा भारतका रेल मन्त्रीले तत्काल पदबाट राजीनामा गरेको उदाहरण छ। त्यस्ता उदाहरणहरु यहाँ पनि छन् । यस अर्थमा प्रतिपक्षी दलहरुको राजीनामाको माग स्वाभाविक छ।

यसमा दोषी वा निर्दोषी जे भए पनि एउटा राजनीतिक नैतिकता र मूल्य मान्यताका आधारमा गृहमन्त्री रमेश लेखकले तत्काल राजीनामा दिइहाल्नु पर्दथ्यो। किनकि आरोप दुई/चार हजार अनि दुई/चार लाखको मात्रै नभएर दैनिक लाखौं रुपैयाँ भ्रष्टाचारको देखियो । यति ठूलो रकमको भ्रष्टाचार खाली केवल एक उच्च कर्मचारीबाट मात्र सम्भव छैन। त्यसमा एउटा सेटिङ छ। एउटा सञ्जाल र गिरोह छ। त्यसमा गृहमन्त्री स्वयं छ कि छैनन् त्यो विस्तृत अख्तियारको छानविन पछि देखिएला। तर यसका लागि तत्काल पदबाट राजीनामा नगरी अनेकथरी बहानाबाजी गरी त्यो पदमै रहिरहने गृहमन्त्री रमेश लेखकको नियतमा अब थुप्रै शंका गर्ने ठाउँ रह्यो। त्यसमा पार्टी सभापति शेरबहादुर देउवा अनि प्रधानमन्त्री केपी ओलीको गृहमन्त्रीले राजीनामा गर्नु नपर्ने भनाइहरुले अझ बढी शंका उत्पन्न भएको छ। कतै यो देउवा-ओलीसम्मको ग्राइण्ड डिजाइनमा त भएको छैन ?

जहाँसम्म गृहमन्त्री रमेश लेखकको राजीनामा प्रतिपक्ष खासगरी माओवादी केन्द्र र रास्वपाको माग छ, त्यसमा भने केही पूर्वाग्रह र बदलाको मानसिकताले काम गरेको पाइन्छ। जसरी हिजो ने.का.ले तत्कालीन गृहमन्त्री रवि लामिछानेको सहकारी ठगी प्रकरणमा राजीनामाको माग गरेको थियो, त्यसको विपक्षमा माओवादी र रास्वपा खडा भई राजीनामा नदिई बसे। यतिसम्मकि त्यसमा एमाले पनि अडिक भई बस्यो। अन्त्यमा रविको राजीनामाको बदलामा खाली संसदीय छानविन आयोग मात्र बनाइयो । हालका प्रधानमन्त्री केपी ओली त त्यतिबेला उक्त संसदीय छानविन आयोग गठनको पक्षमा पनि थिएनन्। छानविनपछि पनि एमाले र माओवादी अन्तिम समयसम्म रवि लामिछानेकै पक्षमा बोल्दै आएका थिए। त्यसको परिणाम थियो रास्वपाका नेताहरुले भन्ने गरेको 'क्लीन चिट' अर्थात् रविले त्यसमा सफाइ पाएको। तर पछि सत्ता बदलियो कांग्रेस-एमाले सत्तासीन भने माओवादी रास्वपा प्रतिपक्षमा। तब मात्र रविमाथि यी अनेक ठगी प्रकरणमा अदालतमा मुद्दा चलाइयो । ठीक यसैको बदला अहिले माओवादी र रास्वपाले गृहमन्त्री रमेश लेखकमाथि साँधेका छन् । यद्यपि उनीहरुले अहिले उठाएको यो राजीनामाको माग स्वाभाविक नै छ।

अहिले उठाइएको गृहमन्त्रीको यो राजीनामाको माग यस अर्थमा पनि जायज छ कि हिजो जसरी तत्कालीन गृहमन्त्री रवि लामिछानेले गृह प्रशासनलाई आफ्नो पक्षमा पार्न अनेक हतकण्डा अपनाएका थिए। प्रहरी अधिकृतहरुको सरुवा यतिसम्मकि तत्काली आइजीपी बसन्तबहादुर कुँवरलाई संसदीय समितिमा आफू निर्दोष रहेको समेत प्रत्यक्ष बोल्न लगाएका थिए । ठीक यही तरिका अहिले पनि प्रम केपी ओली र गृहमन्त्री रमेश लेखकले गर्न थालिसकेका छन् । विभिन्न प्रहरी अधिकृतहरुको सरुवा यतिसम्मकि अख्तियारका प्रहरी अधिकृतलाई समेत अन्यत्र सरुवा गरिसकेको स्थिति थियो। गृहमन्त्री रमेश लेखक भएकाले उनीविरुद्ध त्यस्तो कुनै अर्को छानविन प्रहरी प्रशासनबाट हुने कुरै भएन । त्यसपछि अख्तियारबाट पनि स्वयं प्रधानमन्त्रीले नै यसमा गृहमन्त्री निर्दोष भएको ठोकुवा गर्ने गरेकाले त्यसको निष्पक्ष छानविन होला भन्नेमा शंका नै छ।

वर्तमान यो राज्य व्यवस्था सामन्ती दलाल र नोकरशाही बुर्जुवा स्वरुप र चरित्रको छ । यहाँ यस्तो भ्रष्टाचार तस्करी त्यसमा पनि अझ मानव तस्करी अनि कालो बजारिया, कमिशन, लुटपाट ठगी आदि हुनु स्वाभाविक नै छ। यसबाट विश्वको यस्तो कुनै पनि मुलुक शुद्ध र चोखा छँदैछैन । यहाँ पनि अनेकौं काण्डै काण्ड हुने गरेका छन् । केही प्रकटमा छन् भने केही अप्रकट शंकाको घेरामा छन्। यसबाट यसमा कुनै पनि नेता कार्यकर्ता, कर्मचारी सबै अछुतो शुद्ध छँदैछैन। सबै कुनै न कुनै सेटिङ वा डिजाइनमा आबद्ध भई नै रहेका हुन्छन् । नेपालका यस्ता संसदीय दल अनि नेता-कार्यकर्ता तल्लो पिउनदेखि ठूला हाकिम, सेना, पुलिस, अड्डा अदालत सबैमा यो व्याप्त छ । स्वयं प्रम केपी ओली, नेका सभापति देउवा अनि प्रचण्ड, माधव नेपाल, बाबुराम भट्टराई यी सबै कुनै न कुनै यस्ता काण्डमा मुछिएर डाँमिदै आएका छन्। यी सबैले अहिले एकले अर्कालाई आरोप-प्रत्यारोप गर्दै आए पनि यी कुनै पनि शुद्ध र चोखा छँदै छैनन्। अन्ततः यी सबै एउटै 'काले काले मिलेर खाउ भाले' मै छन्।

यो कुनै सामान्य अपराध नभएर जघन्य अपराध नै हो । विगतको भुटानी शरणार्थी काण्डभन्दा अझ कैयौं गुना बढी अरबौं रुपैयाँको लेनदेन र सयौं मानव तस्करीको जघन्य अपराध हो। दैनिक लाखौं रुपैयाँको लेनदेन र सयौंको मानव तस्करी खाली एउटा वा केही कर्मचारीहरुबाट मात्र यो सम्भव छँदैछैन। गृहमन्त्रीको राजीनामाले मात्र पुग्दैन। चोरको खुट्टा काट्छुभन्दा बित्तिकै चोरले खुट्टा ताने जस्तै गृहमन्त्रीको राजीनामा दे भन्दा बित्तिकै प्रम ओली र ने.का. सभापति देउवा तत्काल यसको विपक्षमा उफ्रिहाल्नुले पनि यसको जालो र लहरो कहाँसम्म पुगेको रहेछ ? स्पष्ट छ। तै पनि विगतको भुटानी शरणार्थी काण्ड सामसुम पारे जस्तै यो पनि त्यस्तै हुने पक्का छ। त्यसैले अन्त्यमा माथि भनिए जस्तै यो राज्य व्यवस्थाको मूल चरित्र नै यस्तै हो, यसमा जो आए पनि त्यस्तै सबै खुमबहादुर, चिरञ्जीवी, गोविन्दराज जोशी अनि कृष्णबहादुर महरा, टोपबहादुर र हालका सांसद तथा पूर्वमन्त्री मोहनबहादुर बस्नेत र गृहमन्त्री रमेश लेखक आदि जस्तै भइरहने नै हो। साँच्चै नै स्पष्ट छानविन गर्ने हो भने एकआध केही व्यक्ति बाहेक तल्ला निकायका आम पार्टी पदाधिकारीलगायत सांसद-मन्त्री जो कोही पनि शुद्ध र चोखा छैनन्, सबै यस्ता कुनै न कुनै काण्डमा डामिएकै छन्। त्यसैले यो व्यवस्थाकै विकल्प जरुरी छ। यसको अर्थ पुराना-पञ्चे-मण्डले र राजावादी छाउरा छाउरीहरुले भन्ने गरेको प्रतिगामी विकल्प होइन। विकल्प अग्रगामी जनगणतन्त्रको हो। देशका किसान मजदूर-सर्वहारा वर्गको नेतृत्वमा आम देशभक्त तथा जनतान्त्रिक शक्ति सम्मिलित नयाँ जनवादी राज्य व्यवस्था नै यसको मूल विकल्प हो।

# उच्च रक्तचाप भएका व्यक्तिले बिहानदेखि बेलुकासम्म के-के खाने ?

उच्च रक्तचापको मुख्य कारण खानपान र जीवनशैली हो, जसमा नुन, चिल्लो, मदिरा र प्रशोधित खानाका सेवनले प्रभाव पार्छ।

सन्तुलित खानपान, नियमित औषधि सेवन र शारीरिक व्यायामले रक्तचाप नियन्त्रण गर्न मद्दत गर्दछ, जस्तै बिहान हल्का व्यायाम र राति हल्का खाना।

रक्तचाप नियन्त्रणका लागि दैनिक नुनको मात्रा ५ ग्रामभन्दा कम राख्न, प्रशोधित खानाबाट बच्न र पर्याप्त पानी पिउन सुझाव दिइन्छ।

उच्च रक्तचाप के कारणले हुन्छ ? खोतल्दै गयो भने त्यसको प्रमुख कारण एउटा खानपान पनि हुनसक्छ । सबैभन्दा बढी चुरोट, मदिरा, बजारिया खानेकुरा, रातो मासु, चिल्लो र अत्याधिक नुनिलो खानेकुराले रक्तचाप बढाउँछ।

यी खानेकुरा चटक्कै छाडेर खानपानमा सन्तुलन मिलाउन सकियो रक्तचाप नियन्त्रणमा रहन्छ। खानपानसँगै चिकित्सकले सुझाएको औषधि पनि नियमित लिनुपर्छ। के खाने भन्ने कुरा मात्र होइन, कुन खानेकुरा कति खेर खाइन्छ भन्ने कुराले पनि स्वास्थ्य अवस्था कस्तो हुने भन्ने निर्धारण गर्छ।

रक्तचाप नियन्त्रण गर्न खानपानको चार्टलाई पछ्याउन सकिन्छ, ताकि, कुन बेला के खाने भन्ने अलमल नभई सन्तुलित खानेकुरा खान सकियोस्।



**बिहानको खाजा**

बिहानीको सुरुवात दुई गिलास तातोपानीबाट गर्न सकिन्छ। त्यसपछि क्याफिन र चिनी कम भएको एक कप चिया/कफी खान सकिन्छ। खाजामा जौ वा गहुँको रोटी २ वटा जति खान सकिन्छ। रोटीसँग फाइबरयुक्त हरियो सागसब्जी खानु धेरै राम्रो। मुगी र मुसुरो वा चनाको दाल खान सकिन्छ।

खाजासँगै पेयमा ताजा फलफूलको जुस (सुन्तला वा अनार) खानु उपयुक्त हुन्छ । जौबाट बनेको ओट्सले पनि रक्तचाप नियन्त्रणमा मद्दत गर्छ । यी खानेकुरा बिहानको ७ देखि ८ बजेको बीचमा खानु उपयुक्त हुन्छ।

**मध्य बिहानको खाना**

बिहानको १० बजे वा अफिस जान हत्तार हुन्छ भने साढे ९ बजे खाना खान सकिन्छ । खानामा सकिन्छ भने ब्राउन राइस, नभए सादा चामलको एक कचौरा भातसँग मिश्रित दाल, हरियो सागसब्जी, माछा वा कुखुराको मासु १०० ग्राम, सलाद र आधा कप मोही वा दही खानु उपयुक्त हुन्छ।

तरकारीमा नुन र मसला कम हुनुपर्छ। खानेकुरा सुरु गर्दा पहिला सलादबाट सुरु गर्नुपर्छ। यसले के हुन्छ भने धेरै खानबाट बचिन्छ। फाइबरहरू पहिला खाँदा खानेकुराहरू छिटो र सहजरुपले पच्न थाल्छ। दैनिक नुनको मात्रा ५ ग्रामभन्दा कम हुनु आवश्यक छ।

**दिउँसोको खाजा**

दिउँसो एकदेखि दुई बजेको बीचमा मौसमी फलफूल खान सकिन्छ । त्यो पाइँदैन भने स्याउ र केरा त वर्षभर नै खान पाइन्छ। फलफूलसँगै १० ग्राम जति मिश्रित ड्राइ फ्रुट्स (काजु, बदाम, वा ओखर ) खान सकिन्छ । पोटासियमयुक्त फलफूलले रक्तचाप कम गर्छ।

**अपराह्नको खाजा**

यदि दिउँसो खाजा नखाएर ४ देखि ५ बजेको समयमा खाने गरिएको छ भने उमालेको मकै, अण्डा वा कम मसला हालेको चना, चाट वा भुटेको मकै खान सकिन्छ । यससँगै हर्बल चिया वा पानी खान सकिन्छ। हल्का नास्ताले रक्तचापमा दबाब कम गर्छ। बजारका प्रशोधित खानाबाट भने बच्नुपर्छ।

**रातिको खाना**

रातिको खाना हल्का र सुपाच्य हुनुपर्छ। खानेकुरा सातदेखि आठ बजेभित्र खाइसक्नुपर्छ । खानामा सम्भव भए दुई रोटी नभए एक कचौँरा भात, हरियो सागसब्जी, दाल र सलाद खान सकिन्छ। त्यसपछि पानी वा चिनी नहालेको कागती पानी खान सकिन्छ। राति सुत्नुभन्दा अघि एक ग्लास पानी खानुपर्छ। यसले पनि रक्तचाप रातको समयमा स्थिर राख्छ।

**ध्यान दिनुपर्ने कुरा**

- दैनिक नुनको मात्रा ५ ग्रामभन्दा कम राख्ने।
- पिज्जा, बर्गर र प्रशोधित खानेकुरा नखाने।
- दिनमा २ देखि ४ लिटर पानी पिउने।

**शारीरिक क्रियाकलाप पनि आवश्यक**

- बिहान ६ देखि ७ बजेको बीचमा ३० मिनेट हल्का व्यायाम गर्ने। शारीरिक क्रियाकलापमा हिँड्ने, योग (सूर्य नमस्कार, अनुलोम-विलोम, भ्रामरी) वा स्ट्रेचिङ गर्न सकिन्छ।
- खाना खाएपछि पनि केही बेर यताउती हिँड्डुल गर्नुपर्छ।
- लामो समय बसेर काम गर्नुपरेमा प्रत्येक ३० मिनेटमा उठेर हिँड्ने।
- राति लामो समयसम्म मोबाइल नचलाउने र स्क्रिन टाइम कम गर्ने।

# नेपालगञ्जमा 'वेष्टर्न ट्राभल मार्ट' सुरु

बाँके । पर्यटन प्रवर्धनका लागि नेपालगञ्जमा शनिबारदेखि तीनदिने वेष्टर्न ट्राभल मार्ट सुरु भएको छ।

मार्टको शुभारम्भ गर्दै प्रतिनिधिसभाका सांसद किशोरसिंह राठौरले बाँके र बर्दियामा पर्यटनको प्रशस्त सम्भावना रहेकाले यस क्षेत्रका प्राकृतिक, धार्मिक सम्पदाको संरक्षण र प्रवर्धन गर्नुपर्ने आवश्यकता औँल्याए । उनले विदेशी पर्यटकलाई आकर्षिक गर्ने योजना निर्माण गर्नुपर्नेमा जोड दिँदै बाँके र बर्दियामा चारतारे होटेलका स्तरमा घरबास (होमस्टे) निर्माण भएका बताए।

लुम्बिनी प्रदेशसभाका सांसद मीना श्रेष्ठले पर्यटन क्षेत्रका नीति र योजना प्रभावकारी बनाएर कार्यान्वयन गर्नुपर्नेमा जोड दिँदै पर्यटन प्रवर्धनका लागि नेपालगञ्जमा धार्मिक पर्यटनको प्रशस्त सम्भावना रहेको बताइन्।

नेपालगञ्ज उप-महानगरपालिकाका प्रमुख प्रशान्त विष्टले भारत र नेपालबीचको सम्बन्ध प्रगाढ गर्न यस्ता खाले मार्टले सहयोग पुऱ्याउने उल्लेख गर्दै नेपालमा धार्मिक पर्यटकीयस्थलको अवलोकन गर्न भारतीय पर्यटकलाई आग्रह गरे। उनले भारतीय पर्यटकलाई सम्मानपूर्वक नेपाल ल्याउनुपर्ने आवश्यकता औँलयाउँदै नेपालगञ्ज पनि धार्मिक पर्यटकको आकर्षक गन्तव्य हुनसक्ने धारणा राखेका थिए।

नेपाल पर्यटन बोर्ड सञ्चालक समितिका सदस्य नरेन्द्रदेव भट्टले हिमाल, पहाड र तराईको अवलोकन गरेर विदेशी पर्यटक नेपालमा रमाउन सक्ने उल्लेख गर्दै त्यसका लागि पर्यटनमैत्री वातावरण हुनुपर्ने बताए। भारतको लखनऊका पर्यटन व्यवसायी राजेश सिन्हाले नेपाल र भारतबिचको आपसी सदभावले धार्मिक पर्यटक यहाँ भित्र्याउन सके पर्यटन प्रवर्धनमा टेवा पुग्ने विश्वास व्यक्त गरे।

नेपाल एसोसिएसन अफ टुर्स एन्ड ट्राभल एजेन्टस (नाट्टा) का बाँके अध्यक्ष श्रीराम सिग्देलले भारतीय पर्यटकलाई नेपालमा सम्मानपूर्वक आउने वातावारण बनाइनुपर्नेमा जोड दिँदै सहज आवागमनको वातावरण भएमा पर्यटन प्रवर्धन प्रभावकारी बन्दै जाने बताए।

नेपाल पर्यटन बोर्ड र नेपालगञ्ज उपमहानगरपालिकाको आयोजना तथा पर्यटन विकास परिषद्, लुम्बिनी प्रदेश, नेपालगञ्ज उद्योग वाणिज्य सङ्घ, होटेल एसोसिएसन र होटेल व्यवसायी बाँकेको सहकार्यमा नाट्टाले तेस्रो संस्करणका रूपमा आजदेखि मार्ट आयोजना गरेको हो।

तीन दिनसम्म सञ्चालन हुने मार्टमा भारतको पर्यटकीय सहर बनारस, अयोध्या, लखनऊ र गोरखपुरबाट ३५ जना भन्दाबढी टुर अपरेटर सहभागी भएका वेष्टर्न ट्राभल मार्ट मूल आयोजक समितिले जनाएको छ। सहभागी पर्यटकलाई बाँके र बर्दियाका राष्ट्रिय निकुञ्जको भ्रमण पनि गराइने कार्यसूची रहेको छ।

# भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्क विमोचन

बुटवल। २०३० सालदेखि गुल्मीको तम्घासबाट प्रकाशन हुँदै आएको विशिष्ट पत्रिका 'हाम्रो पुरुषार्थ' (त्रैमासिक) को 'भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्क' शनिबार मुलुकका विभिन्न स्थानमा कार्यक्रमसहित विमोचन गरिएको छ।

यसै अन्तर्गत रूपन्देहीको बुटवलमा आयोजित कार्यक्रममा लेखक एवम् अर्थशास्त्री प्रा.डा.बाबुराम ज्ञवालीले वर्ष-५२, अङ्क-२, सम्पूर्णाङ्क १०५ रहेको २०८१ माघ-चैतको यो विशेषाङ्कको विमोचन गर्दै नेपाल र प्रवासमा बसेर भाषा साहित्यको खोज अनुसन्धान गर्ने सबैका निम्ति पत्रिका निकै उपयोगी रहेको चर्चा गरे। उनले नेपाली भाषा साहित्यको विकासका लागि भारतीय नेपाली साहित्यकारहरूको समर्पण भावको योगदान महत्त्वपूर्ण रहेको बताए। यो पत्रिका वेवसाइटबाट समेत विश्वभर अध्ययन गर्न सकिने भएकाले स्वदेशका भन्दा विदेशका नेपालीभाषी पाठक एवम् अनुसन्धाताले झन् महत्त्व बुझेर पढ्ने उनले विश्वास व्यक्त गरे।

प्रा.डा. अनन्त पन्थीले हाम्रो पुरुषार्थ पत्रिकाको प्रकाशन ज्यादै विषम अवस्थामा आरम्भ भएको स्मरण गर्दै आफ्ना पिता प्राज्ञ डा. टीकाराम पन्थीसँग २०४० सालमा बनारस गएर एक डेढ महिना समय लगाएर लेटर प्रेसमा सम्पादन कार्य गरिएको आफ्नो कार्यानुभव सुनाए।

सहप्राध्यापक गोपाल पन्थीले पत्रिकालाई अझ समयसापेक्ष तुल्याई यसको गरिमामय इतिहासलाई जोगाउँदै थप पठनीय एवम् प्रिय पत्रिकाका रूपमा विकास गर्न सबैको हातेमालो आवश्यक रहेकोमा जोड दिए। साहित्यकार एवम् पत्रकार छवि ज्ञवालीले हाम्रो पुरुषार्थ प्रकाशन गर्ने किरण पुस्तकालय एवम् पत्रिकाका स्वप्नद्रष्टा तथा अनेकौं आरोह अवरोहकाबिच विदेशसम्म गहकिलो परिचय स्थापित गराउन समर्पित भावले लागिपर्ने सबैको योगदान स्तुत्य रहेको उल्लेख गर्दै नेपाली भाषा-साहित्यका क्षेत्रमा हाम्रो पुरुषार्थको विशिष्ट योगदानका बारेमा रूपन्देहीमा बौद्धिक बहसको कार्यक्रम गर्नुपर्ने खाँचो औंल्याए।

कार्यक्रममा बौद्धिक व्यक्तित्व एवम् लेखक तेजनिधि पौडेल, कविता पन्थी, माधव गौतम लगायतले मन्तव्य राख्दै सबैको साथ, सहयोग र सक्रिय सहभागितामा हाम्रो पुरुषार्थका राचनात्मक आयाम देखिएको भन्दै यसलाई थप सुधारसहित आजीवन ग्राहक सङ्ख्या वृद्धि गर्नुपर्नेमा जोड दिए। बुटवलको मिलनचोकस्थित हिमालय बुक हाउसमा त्यसका सञ्चालक एवम् लेखक माधव गौतमको अध्यक्षता, कविता पन्थीको सञ्चालन एवम् गोपाल पन्थीद्वारा पत्रिकाको इतिहास र औचित्यमाथि प्रकाश पारिएको कार्यक्रममा वरिष्ठ पत्रकार बद्रीनाथ पाण्डे, इन्भाइरमन्ट माविका प्राचार्य मधुप्रकाश ज्ञवाली, लेखक/पाठकहरू दिलिप ज्ञवाली, कृष्ण पाण्डे, चिरञ्जीवी ज्ञवाली, विन्दु आचार्य, डा. किरणकुमार खनाल, महिमा पन्थी, आद्याश्री ज्ञवाली, आश्रव खनाल लगायतको उपस्थिति रहेको थियो। लामो समयदेखि हाम्रो पुरुषार्थको क्रमशः सम्पादक र सहसम्पादकका रूपमा लेखक, प्राध्यापक शशि पन्थी र दीन पन्थीको महत्त्वपूर्ण योगदान रहिआएको छ।

हाम्रो पुरुषार्थका नियमित अङ्कका साथै हालसम्म श्री ५ वीरेन्द्र शुभराज्याभिषेक अतिरिक्ताङ्क, अन्तर्राष्ट्रिय बालवर्ष अतिरिक्ताङ्क, समालोचना विशेषाङ्क, लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क, साहित्यकार विश्वेश्वरप्रसाद कोइराला स्मृति अङ्क, लेखनाथ अङ्क, अन्तर्राष्ट्रिय युवा वर्षाङ्क, गुल्मी परिचयाङ्क, पुस्तकालय विशेषाङ्क, कथा विशेषाङ्क, नेपाली भाषिक सङ्गोष्ठी विशेषाङ्क, पत्रकारिता विशेषाङ्क, डा. टीकाराम पन्थी विशेषाङ्क, भानु विशेषाङ्क, सकरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क, कवि प्रयासी स्मृति अङ्क विशेषाङ्क, पण्डित भीमकान्त पन्थी शतवार्षिक स्मृति विशेषाङ्क, रूरूक्षेत्र विशेषाङ्क तथा शताङ्क विशेषाङ्क (भाग १ र २) आदि विशेषाङ्क प्रकाशित छन्। यसबाहेक किरण पुस्तकालयले यस क्षेत्रका दर्जनौं स्रष्टा लेखकका विभिन्न विधाका पुस्तकहरू प्रकाशन गर्दै आएको छ।

# एक करोडभन्दा बढीको अवैध सामान बरामद




परासी। पश्चि नवलपरासी प्रहरीले एक महिनामा अवधिमा एक करोड बढीको अवैध सामान बरामद गरेको छ। उक्त अवधिमा १ करोड ९ लाख ७४ हजारको अवैध सामान बरामद भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी वीरदत्त पन्तले जानकारी दिए।

जसमा सबैभन्दा बढी मोबाइलमा प्रयोग हुने ग्लास, कभर एयरफोन गरी २८ लाख बढीको छ। भन्सार छलेर ल्याउँदै गरेको अवस्थामा जिल्ला प्रहरी कार्यालय नवलपरासी र मातहतका प्रहरी युनिटले सामान बरामद गरेका हुन्।

त्यस्तै २६ लाख ५९ हजार बराबरको टायललगायतका अन्य सामान छन्। १२ लाख ५४ हजार बढीको किराना सामान, आठ लाख ७७ हजार बढीको फेन्सी सामान, दुई लाख ८६ हजार बढीको पशुपक्षीजन्य वस्तु, एक लाख ६३ हजार बराबरका पित्तलका मूर्ति र दुई लाख ६५ हजार बढीको हार्डवेयर्सलगायतका सामान रहेका छन्।। बरामद सामान आवश्यक कारबाहीका लागि भन्सार कार्यालय पठाइएको प्रहरीले जनाएको छ।

जिल्लाको महेशपुर, रमपुरवा, बिस्नुपुरा, भुजहवा, रामनगर, गुठिप्रसौनी, बसैयालगायतका नाकाबाट अवैध सामान भित्रिने गरेको छ। पछिल्लो समय ति नाकामा प्रहरीको निगरानी बढाइएपछि ठूलो मात्रामा हुने अवैध सामान ओसारपसारमा कमी आएको बताइएको छ।


## बर्दघाट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नवलपरासी (बसुप)
लुम्बिनी प्रदेश, नेपाल

### नदिजन्य पदार्थको विक्रिका लागि सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मितिः २०८२/२/२३

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १०८ बमोजिम खजुरा खोलाबाट ०८१/१०/२३ मा जिल्ला अनुगमन टोली र नगरपालिका समेतको संयूक्त अनुगमनको सन्दर्भमा जफत गरी वडा नं ५ स्थित जीतपुर प्रा.वि. र वडा नं ५ को कार्यालयमा स्टक रहेका ढुँगा तथा ग्राबल लिलाम विक्रि गर्ने सम्बन्धि नगरकार्यपालिका वैठकको मिति ०८२/१/२७ को निर्णयअनुसार नदिजन्य पदार्थ विक्रिका लागि सूचना प्रकाशन गरिएकोले इच्छुक फर्म वा कम्पनीरुले तपसिल बमोजिमका शर्तको अधिनमा रही ७ दिनभित्र सिलबन्दी प्रकृयामा सहभागि हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। फर्म वा कम्पनी तथा संस्थाले नविकरण प्रमाणपत्र, मूल्य अभिवृद्दि कर/प्यान दर्ता प्रमाणपत्र र आ.व.०८०/०८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरु संलग्न राखी निवेदन पेश गर्नु पर्नेछ।

तपसिल

| क्र.स. | नदिजन्य पदार्थ स्टक रहेको स्थान | जम्मा परिमाण घन मि. | जम्मा परिमाण घन फुटमा | न्युनतम रेट घन फुटमा रु भ्याट वाहेक | न्युनतम शिलबन्दी रकम रु मु.अ.कर वाहेक | कै |
|---|---|---|---|---|---|---|
| १ | जीतपुर प्रा.वि. परिसर वडा नं ५ मा भएको ग्राबल | ९३.०७ | ३२८६.७३ | १७ | ५५८७४.५६ | |
| २ | वडा नं ५ को कार्यालय परिसरमा भएको ग्राभेल | ४०९.०३ | १४४४४.७७ | १७ | २,४५,५६१.११ | |
| ३ | जीतपुर प्रा.वि. वडा नं ५ परिसरमा भएको ढुँगा | ४३७.८१ | १५४६१.१२ | १७ | २,६२,८३९.१८ | |

नोटः ठेक्काका शर्तहरु लगायत अन्य विषयहरु बर्दघाट नगरपालिकाको वेवसाइट https://bardaghatmun.gov.np/ मार्फत सार्वजनिक गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत


**कार्यान्वयन...**

झण्डै आधा अर्ब रुपैयाँ लगानीमा निर्माण गरिएको उपमहानगरपालिकाको प्रशासनिक भवन समेत अपाङ्गतामैत्री बन्न सकेन। लिफ्टसहितको उक्त भवन अपाङ्गतामैत्री नबनाइएको भन्दै गुनासो आएपछि गतवर्ष मात्रै भुइतल्लामा र्‍याम्प निर्माण गरेर उप-महानगरपालिकाले पूर्ण अपाङ्गतामैत्री भवन भएको दाबी गर्दै आएको छ।

पूर्वाधार विकास शाखाका प्राविधिक गोबिन्द पंगेनीका अनुसार हाल नगरभित्र वडा नं. ८ र १९ को कार्यालय, स्वास्थ्य चौकीका भवनहरुमा कोठा र बाथरुमसम्म जाने बाटोमा र्‍याम्पको व्यवस्था गरि अपाङगतामैत्री बनाउने प्रयास गरिरहेको बताउँछन्।

भवन निर्माण संहिता २०७२ ले भूकम्पप्रतिरोधि र सुरक्षित भवन निर्माणसम्बन्धी प्रभावकारी आचारसंहिता नबनाएको पनि होइन। यद्यपी अपाङ्गमैत्री संरचनामा आउने आपतकालिन स्विच, शौचालयको सिट, समाउने बारको प्रकार, उचाई, चुकुल, बेशिन, ऐना जस्ता वस्तुहरु कति, कहाँ र कसरी राखिनुपर्छ भनेर पनि कतै उल्लेख गरिएको छैन।

नेपालको संविधान २०७२ को धारा ४१ (क) ले सबै नागरिकलाई राज्यका हरेक निकाय र तहमा समान सहभागिता समावेशिताको लागि सुनिश्चित गरेको छ। तर, अपाङ्गता भएका सेवाग्राही भने भौतिक संरचनामात्र होइन् पालिकाहरुका सूचना, कार्यक्रम, बजेट र छलफल जस्ता क्रियाकलापहरु समेत आफूहरुलाई सुसूचित र सहभागि बनाइनुपर्ने। गुनासो, योजना लिएर सरकारी कार्यालय जाँदा अपाङ्गतामैत्री नभएकाले गाह्रो पर्ने बताउँछन्।

विगत ३५ वर्षदेखि बौद्धिक अपाङ्गता भएकाहरूको संरक्षण र सशक्तिकरणमा क्रियाशिल लोकनाथ भुसाल राज्यले अपाङ्गता भएकाहरुलाई नागरिक हुन् भन्ने महसुस नगर्दा समस्या आउने गरेको बताउँछन्। भुसाल बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुको पठनपाठन र उनिहरुको वृत्तिविकासमा निरन्तर क्रियाशिल छन्।

'अपाङ्गता के हो भन्ने विषयमा राज्यको बुझाई नै गलत छ, कुनै अपाङ्गता जन्मजात मात्र नआउने भएर अचानक हुने दुर्घटना, दिर्घरोगी र वृद्ध अवस्था भएकाहरु लागि पनि अपाङ्गमैत्री संरचना आवश्यक हुन् भन्ने मनन् गरी उनीहरुको शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षालगायत सहज जिवनयापनका लागि अभिभावकहरु र सम्बन्धित व्यक्तिहरुसँग समन्वय गरि सरकारले दिर्घकालिन योजना बनाउन जरुरी छ।'- उनले भने।

वि.स. २०५१ साल देखि सुस्तमनस्थिति बाल विद्या मन्दिरले बौद्धिक अपांगता भएकाहरुलाई निःशुल्क शिक्षासँगै जीवनउपयोगी व्यवहारात्मक ज्ञान दिदै आएको छ। र्‍याम्पसहितको अपाङ्गमैत्री विद्यालय भौतिक संरचना बनाएर हाल ५० जना बौद्धिक अपांगता भएकाहरुलाई निःशुल्क शिक्षा दिँदै आएको छ। जुन यस क्षेत्रकै पहिलो पूर्ण अपाङ्गमैत्री विद्यालय रहेको प्राचार्य मीना भुषाल पाठकले बताइन्। यद्यपी सार्वजनिक सेवादिने संस्था, निकायहरुले अपाङ्गहरुको पनि सार्वजनिक सेवालिने अधिकार सुनिश्चित हुने गरी सरकारी हाकिमका अफिस र कार्यालय संरचना सहज ठाउँमा हुनु जरुरी रहेको सुझाव व्यक्त गर्दछिन्।

कान्ति मावि बुटवलका प्रधानाध्यापक गोविन्द ज्ञवालीले अपाङ्गता भएका विद्यार्थीहरुको लागि उच्च प्राथमिकता दिएर सेवा प्रवाह गरिएको बताउँछन्।

रजिता रेग्मी कान्ति मावि बुटवलमा विगत ६ वर्षदेखि प्रावि दरबन्दिमा कार्यरत छिन्। उनी 'ख' वर्ग दृष्टिविहीन अपाङ्गता भएका शिक्षका हुन्। शारीरिक रुपमा समस्या नभएकोले विद्यालयभित्रका संरचनामा कुनै समस्या नभए पनि सार्वजनिक सडक, फुटपाथ र सरकारी कार्यालयहरु आफूजस्तै दृष्टिविहीनहरुको लागि सहज नभएको उनले बताइन्। सरकारी भवन पुग्नको लागि बाटो, भवनको संरचना र शौचालयहरुमा हुने कठिनाइ सम्झिदा जान मन लाग्दैन। त्यहाँ गएर अशक्त व्यक्तिले सहज सेवा पाउन अपाङ्गमैत्रि सहजकर्ता नभएका कारण अझ असुविधा भएको उनको भनाइ छ।

दृष्टिविहीन भएकै कारण सहपाठी र अन्य सार्वजनिक सेवा प्रवाहका क्षेत्रमा पाउने व्यवहारले मनमा खिन्नता तुल्याउने उनको अनुभव छ। सरकारले आफू कार्यरत कार्यालयहरुले अपाङ्गता भएकाहरुको गाह्रोलाइ बुझेर सोही किसीमको ढाँचाका सहायक सामग्रीमा सघाउने हो भने कुनै पनि अपाङ्गता भएकाहरु पनि अरुजस्तै सहज जीवन जिउन सक्ने उनी बताउँछिन्।

'सरकारी कार्यालयहरुले दिने सेवा प्रवाहको बारेमा जानकारीका लागि बोर्डमा नागरिक बडापत्र लेखिएको हुन्छ, दृष्टिविहीनका लागि बोर्डमा लेखेर होइन, आवाजमा सुनिने गरि राखिनुपर्छ।'- उनले भनिन्।

राष्ट्रिय जनगणना २०७८ अनुसार बुटवल उप-महानगरपालिकामा कुल जनसंख्याको १ दशमलव १४ प्रतिशत नागरिक कुनै न कुनै रुपमा अपाङ्गता भएका छन्। विद्यालय जाने अपाङ्गता भएका विद्यार्थीहरुको प्रतिशत संख्या भने ० दशमलव ०३ प्रतिशत मात्रै छ।

बुटवल उप-महानगरपालिकाका उप-प्रमुख सावित्रादेवी अर्यालले बुटवलमा हाल अपाङ्गता परिचय पत्र प्राप्त व्यक्तिको संख्या १ हजार २७ रहेको जानकारी दिइन। अपाङ्गता भएकाहरुको संख्या यति धेरै रहेकोले उनीहरुलाई सीपयुक्त र आर्थिक रुपमा स्वाभालम्भी बनाउन विभिन्न सीपमूलक तालिम आयोजना गरिने उप-प्रमुख अर्यालले बताइन्।

प्रत्येक महिना परिचय पत्र अनुमोदन, अन्य अपाङ्गमैत्री सामग्रीहरु वितरणका कामहरुलाई नियमित गर्दै आएको बुटवल उप-महानगरपालिकाले भौतिक संरचना पनि अपाङ्गतामैत्री बनाउनेतर्फ ध्यान दिइरहेको उपप्रमुख अर्यालले बताइन्।

बुटवलमा लामो समयदेखि पत्रकारिता गरिरहेका कृष्ण खनाल पालिकाहरूले बनाएका नयाँ भवन अपाङ्गताका लागि 'अजंगका पहाड' बनिरहेको बताउँछन्। 'पालिकाले निर्माण गरेका संरचनामा अपाङ्गता भएकाहरु अरुको सहारा नलिई एक्लै जान सक्दैनन्, उनी भन्छन् -'अपाङ्गता मैत्री संरचना निर्माण हुनु भनेको अपाङ्गता भएकाहरुको लागि मात्रै होइन, यसले अरुलाई पनि सेवा लिन र सेवा दिन सहजता ल्याउँछ भनेर सोंचमा परिवर्तन ल्याउन जरुरी छ।'

अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी ऐन २०७४ मा गरिएका अपाङ्गतामैत्रीसम्बन्धी व्यवस्था-

- विद्यालयहरुका कक्षाकोठा, शौचालय, खेलमैदान, पुस्तकालय अपाङ्गमैत्री हुनुपर्ने।
- भौतिक संरचना ऐन २०६९ को कार्यान्वयन हुनुपर्ने।
- अपाङ्गता विषय शिक्षक हुनु पर्ने।
- पर्याप्त शैक्षिक सामग्री जस्तैः ब्रेल, स्लेटस्टाटलस, स्टयाण्ड, ह्वाइट क्यान, सांकेतिक भाषा समेटिएको पुस्तक आदिको व्यवस्था हुनु पर्ने।
- बहिरा, अपाङ्गता भएका व्यक्तिहरुका लागि शिक्षक अनुमतिपत्रको व्यवस्था हुनुपर्ने।
- अपाङ्गता भएका बालबालिकाहरुलाई विद्यालय जान आउन यातायातको व्यवस्था हुनु पर्ने।
- अपाङ्गता भएका व्यक्तिहरुका लागि आर्थिक बजेट छुट्याउनुपर्ने।
- अपाङ्गता भएका व्यक्तिहरुको स्याहार, सुरक्षा, न्याय र पहुँच अभिवृद्धि गर्न सामाजिक साझेदारीमा ध्यान दिनुपर्ने।
- आवश्यकता अनुसार सहयोगी, सामाग्री तथा भाषाको व्यवस्था र सुधार गर्नुपर्ने।

**दलाल...**

'ओली जि आफ्ना विरोधीलाई ८४ सम्म सकाउन लाग्नुभएको छ, त्यहि शिलशिलाका रूपमा पार्टी अध्यक्षमाथि बदलाको स्वरूप मुद्दा चलाइएको हो।'- उनले भने।

उनले रास्वपाका सभापति रवि लामिछानेमाथि पनि सरकारले प्रतिशोध साँधेको बताउँदै पार्टी अध्यक्षमाथि पनि त्यहि नियति दोहरिएको बताए। '८४ सम्म एमाले र कांग्रेसका मात्रै उम्मेद्वार हुने वातावरण बनाउन खोजिएको छ, त्यो पूरा हुँदैन।'- उनले भने।

उनले पार्टीमाथि भएको आक्रमणलाई चिर्न अनुरोध गरे। उनले वर्तमान नेतृत्व असफल हुँदा मुलुकमा निराशा देखिएको बताउँदै यसबाट मुक्ति पाउन सुशासन र रोजगारी मूल ऐजेन्डा हुनुपर्ने र वर्तमान सरकारकै कारण सडकमा पुनरउत्थानवादी शक्ति देखिएको बताए।


## Madhyabindu Municipality
### Office of Municipal Executive
Madhyabindu-7, Chormara, Nawalparasi(East of BardghatSusta)
Gandaki Province, Nepal

## Invitation for Bid

First Date of publication: 2025-05-02
Second Date of publication: 2025-06-08

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost of Goods Items and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following Civil work.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Estimate Amount With out VAT | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 7/NCB/MB/GOODS/2081/82 | Procurement Of Rice Planter | NCB-GOODS | 1769911.50 | 3000/- | 50,000.00 | 90 days/120 days after bid opening | 2025-6-23 12.00 | 2025-6-23 14.00 |

Chief Administrative Officer



## ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# पाल्पामा वेटर वेट्रेससम्बन्धी १० दिने तालिम सुरु



पाल्पा । हस्पिटालिटी क्षेत्रमा दक्ष कामदार आपूर्ति गराउने उद्देश्य राख्दै शनिबारबाट पाल्पाको तानसेनमा १० दिने वेटर वेट्रेस तालिम सुरु भएको छ।

स्विस सरकारको सहयोगमा नेपाल होटल सङ्घ (हान), होटल सङ्घ लुम्बिनी प्रदेश तथा सिद्धार्थ होटल सङ्घको आयोजना र पाल्पा होटल सङ्घको समन्वयमा तालिम सञ्चालन सुरु भएको हो ।

तानसेन बतासेडाँडास्थित होटल श्रीनगरमा तालिमको उद्घाटन गर्दै होटल सङ्घ नेपालका केन्द्रीय सदस्य एवं लुम्बिनी प्रदेश संयोजक चन्द्र प्रकाश श्रेष्ठले होटलमा कार्यरत कामदार कर्मचारीको दक्षता अभिवृद्धि साथै नयाँ जनशक्ति तयार गर्ने र दक्ष जनशक्तिले मात्रै हस्पिटालिटी क्षेत्रको स्तर वृद्धि गर्ने भएकाले स्विस सरकारसित सहकार्यमा तालिम सञ्चालन गरिएको जानकारी दिए । सीप सिकेर अझैं दक्ष हुने र नयाँले तालिमबाट धेरै कुरा सिकी रोजगार प्राप्त गर्न सहज हुने भएकाले तालिममा दत्तचित्त भएर १० दिन सम्म सहभागी बन्न श्रेष्ठले आग्रह गरे ।

पाल्पा होटल सङ्घका अध्यक्ष एवं श्रीनगर होटलका प्रबन्ध निर्देशक जयन्त भुसालले धेरै पछि पाल्पा तानसेनमा यस किसिमको तालिम सुरु भएको र तालिमले रोजगारमा रहेकालाई थप दक्ष बनाउने र नयाँ जनशक्ति समेत तयार हुने बताए ।

तालिमले होटल क्षेत्रको सेवा साथै नेतृत्व र व्यक्तित्व विकास समेत हुने जनाउँदै यो तालिम पुरै निःशुल्क रहेको र होटलमा निःशुल्क प्रयोगात्मक साथै सैद्धान्तिक शिक्षाको माध्यमबाट सिक्न अध्यक्ष ले प्रशिक्षार्थीमा आग्रह गरे ।

तालिमका प्रशिक्षक धिरेन राकस मगरले तालिम मा वेटर वेट्रेसले हस्पिटालिटी क्षेत्रमा गर्ने काम र भूमिका मात्र नभई हस्पिटालिटी क्षेत्रका अन्य सैद्धान्तिक कुरा पनि सिकाइने भएकाले १० दिनको तालिममा कुनै पनि दिन नछुटाउन आग्रह गरे ।

सिद्धार्थ होटल सङ्घका उपाध्यक्ष भोज खत्रीले होटल पर्यटन क्षेत्रमा दक्ष जनशक्ति को खाचो रहेकाले यो तालिमले केही रुपमा मद्दत गर्ने बताए ।

तालिममा पाल्पाका विभिन्न होटल रिसोर्टका २० जना युवायुवतीको सहभागिता रहेको छ । पाल्पामा निकट भविश्यमा हाउसकिपिंगको प्रशिक्षण पनि सञ्चालन हुने आयोजकले जनाएका छन् ।

# उखुको जुस बेचेर मासिक ३० हजार आम्दानी



**गौरीशंकर जयसवाल**

*परासी*

परिश्रम र मेहेनत गर्ने हो भने गाउँमै बसेर पनि लाखौं रुपैयाँ आम्दानी गर्न सकिन्छ । विदेशभन्दा आफ्नै गाउँमै बसेर व्यापार र व्यवासय गरी गतिलो उदाहरण बनेका छन्, रामग्राम नगरपालिका वडा नं. ३ का अर्जुन लोनिया ।

उनले उखुको जुस व्यावसायिक रुपमा गरेर राम्रो आम्दानी गर्न सफल भएका छन् । उनी पहिला विदेश बसेर आएर अहिले ठेलामा चनाको चटपट र गर्मीको सिजनमा उखुको जुस व्यवासय गरिरहेका छन् । उनी भन्छन्-'म तीन पटक विदेश गएर अफ्नो देश फर्केको मान्छे हो, अरुको देशमा काम गर्दा त्यहाँ धेरै दुःख हुने गरेको र त्यहाँ अरुको अधिनमा काम गर्नुपर्ने बाध्यता रहेको थियो, तर मैले अब आफ्नो देशमा केही गरौं भनेर यो पेशा अंगाल्लेको हो ।'

'हामीले कुरा नबुझी भौतारिन्छौं, काम गर्न सके स्वदेशमा आन्दानीका प्रशस्त स्रोत छन्,' उखुको रस बेच्दै लोनियाले भने-'आफ्नै ठाउँमा परिवारको साथमा काम गर्न र जीविकोपार्जन गर्न सकिन्छ । अवसर खोजी गरेर मेहनत गर्नुपर्छ, आम्दानीका स्रोत जति पनि भेटिन्छन् ।' उनी त्यहाँबाट फर्केर आएर ठेलामा उखुको जुस बिक्री बितरण गर्दै आएका छन् । यो पेशाबाट सन्तुष्ट छ रहेको उनी बताउँछन् ।

बढिरहेको चर्को गर्मी अनि सडक छेउमा राखिएको उखु जुसको कक्ष स्टल, त्यस स्टलभित्र राखिएको प्रेस उपकरण, त्यही उपकरणले पेलेर दिएको मिठो जुस यात्रीका लागि शीतलता दिनुका साथै व्यापारीको आम्दानी पनि बढाएको छ । गर्मीको मौसममा लोनियाले मासिक ३० हजारसम्म आम्दानी गर्दै आएका छन् ।

। लोनिया २० वर्षदेखी निरन्तर परासी सदरमुकाम र हाटबजारमा गर्मीको सिजनमा उखुको जुस बिक्री वितरण गर्दै आएका छन् । उनले सबैखर्च काटाएर ३० हजार बचत हुने गरेको बताए । लोनियाले यही उखुको जुस बेचेर छोरा छोरीको पढाइ खर्चका साथै सात जना घरपरिवारको खर्च चलाउँदै आएको बताए । उनी उखु जुसको मात्र व्यावसाय गर्दैनन् । गर्मीको सिजनबाहेक ठेलामा आटो मिठो, चनाको स्वादिलो चटपट पनि बिक्री वितरण गर्दै आएका छन् । उनी परासीको सदरमुकाम बुद्धचोकमा ठेलामा चनाको मिक्स चपपट बेच्दै आएका छन् । उनी ठेलाबाट पनि राम्रो आम्दानी गर्न सफल छन् ।

लोनियाको ठेलामा चनाको चटपट बेचेर सबै खर्च कटाएर मासिक १५ हजार आम्दानी हुने गरेको छ । यस्तै रामग्राम वडा नं. ३ कै बसन्त लोनिया पनि उखु जुस बेचेर राम्रो आम्दानी गर्न सफल भएका छन् । उनी गर्मीको सिजनमा ठेलामै मोटर जडान गरी गुडाउँदै उखु पेलेर जुस बेच्दै आएका छन् । सबै खर्च कटाएर गर्मीको मौसममा १५ देखि २० हजार मासिक बचत हुने गरेको लोनियाको भनाइ छ । उनी यही उखुको जुस बेचेर छोराछोरी पनि पढाउँदै र घरपरिवार पाल्दै आएका छन् ।

उनीहरुले उखु पेलेर जुस बनाउने काम गरिरहेकाहरुसँग किसानहरु पनि खुसी छन् । यिनीहरुलाई चिनीमिलको भन्दा केही मूल्य तत्कालै नगद दिएर उखु लग्ने गरेको किसानहरुले बताएका छन् ।

उखुको जुस स्वादका लागि मात्र नभएर स्वास्थ्यका लागि पनि उपयुक्त हुने पृथ्वीचन्द्र अस्पतालका डा. किरन पाण्डले बताए । 'गर्मीमा बाहिर पसलमा राखिएका तयारी जुस पिउनुभन्दा यहाँको ताजा र स्वादिलो जुस पिउँदा स्वास्थ्यका लागि पनि लाभदायी हुन्छ ।'-डा. पाण्डेले भने ।

# फरार कसुरदार पक्राउ



**श्रीकृष्ण सिग्देल**

*स्याङ्जा ।*

जिल्ला अदालत स्याङ्जाले विभिन्न मुद्दामा कैद सजाय र जरिवाना तोकिएका फरार कसुरदारहरु धमाधम पक्राउ पर्न थालेका छन् । विभिन्न मुद्दामा अदालतले गरेको फैसलाअनुसार कैद सजाय भुक्तान गर्नुपर्ने र तोकिएको जरिवाना बुझाउनु पर्नेमा फरार भएर कानुनको उल्लंघन गरी फरार भएका अभियुक्तहरुलाई प्रहरीले धमाधम पक्राउ गर्न थालेको हो । जिल्ला प्रहरी कार्यालय स्याङ्जाले एकैदिन आठ जना फरार अभियुक्तलाई पक्राउ गर्न सफल भएको छ ।

प्रहरी कार्यालय स्याङ्जाले विभिन्न मुद्दामा फैसला भई कैद सजाय सुनाइएका आठ जनालाई पक्राउ गरेको छ । जिल्ला अदालत स्याङ्जाबाट कैद सजाय र जरिवाना भुक्तान गर्नुपर्ने फैसला सुनाइएका ८ जनालाई प्रहरीको गस्ती टोलीले पक्राउ गरेको जनाएको छ ।

बैंकिङ् कसुर र कुटपिट मुद्दामा सजाय तोकिएका अभियुक्तहरुलाई प्रहरीले चलाएको गस्तीले पक्राउ गरेको जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक दधिराम न्यौपानेले जानकारी दिए । प्रहरीले दिएको जानकारी अनुसार ४ जना बैंकिङ कसुरदार, ३ जना चेक अनादर र १ जना कुटपिट मुद्दाका अभियुक्त रहेका छन् ।

बैंकिङ कसुरमा २३ दिन कैद सजाय र ८० लाख जरिवाना तोकिएका भिमबहादुर विश्वकर्मा, ७९ लाख ८८ हजार जरिवाना तोकिएका कमला केसी, १ दिन कैदसहित १ लाख जरिवाना तोकिएका बत्ती विक र १६ हजार ७ सय ५० रुपैयाँ जरिवाना तोकिएका शिवलाल लम्साल पक्राउ परेका छन् ।

यसैगरी चेक अनादरमा २ हजार जरिवानामा झवनाथ भण्डारी, ५ सय २८ जरिवाना तोकिएका गंगामाया गुरुङ्सेनी र १ हजार जरिवाना तोकिएका अमरराज गुरुङ् पक्राउ परेका हुन् । कुटपिटसम्बन्धी मुद्दामा अदालतले १ सय १० रुपैयाँ जरिवाना तोकिएका ढालबहादुर सुनार पनि पक्राउमा परेका छन् ।

पक्राउ परेका अभियुक्तबाट १ करोड ६१ लाख ८ हजार ४२ रुपैयाँ जरिवाना र जम्मा २४ दिनको कैद सजाय भुक्तान गर्नुपर्ने छ ।

अदालतबाट भएको फैसला कार्यन्वयनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाई न्यायिक कारबाहीलाई पूर्णता दिई, सुरिक्षत र न्यायपूर्ण समाज निर्माणको सुनिश्चितताको लागि जिल्ला प्रहरी कार्यालयबाट खटिएको विशेष अप्रेसन टोलीले पक्राउ गरेको प्रहरी प्रमुख न्यौपानेले बताए ।

प्रहरीले लामो दुरीको ग्रामीण गस्ती सञ्चालन गरी शान्ति सुरक्षा, अपराधका विषयमा छालफल गरी घरेलु हिंसा, बाढी पहिरो, चोरीलगायतका विषयमा प्रहरीले गाउँ–गाउँमा कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

जसले गर्दा नागरिकहरुमा हामी सुरक्षित छौं भन्ने आभास आफूले पाएको प्रहरी प्रमुख न्यौपानेले बताए । सीमित साधन श्रोत र दरबन्दीअनुसारको प्रहरी कर्मचारी नहुँदा पनि स्याङ्जामा पछिल्लो समय प्रहरीले ग्रामीण क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

# रिडी-तम्घास सडक कालोपत्र गरिँदै



गुल्मी । मदनभण्डारी राजमार्गअन्तर्गत गुल्मीको रिडी-तम्घास सडकखण्डमा कालोपत्र सुरु गरिएको छ। पहिलो चरणमा उक्त सडक खण्डअन्तर्गत रुरुक्षेत्र गाउँपालिकादेखि छत्रकोट हुँदै गुल्मीदरबारसम्म सडक कालोपत्र गर्न सुरु गरिएको हो । रुरुक्षेत्रदेखि गुल्मी दरबार गाउँपालिकाको रुन्खादहसम्म २५ किलोमिटर सडक यही आउँदो फागुन २५ सम्म कालोपत्र गर्ने काम सकिने मदनभण्डारी राजमार्ग आयोजना कार्यालय गुल्मीका सूचना अधिकारी एवं इञ्जिनियर हुमनाथ पौडेलले जानकारी दिए । "रिडीदेखि २५ किलोमिटरसम्म ढलान र अस्फाल्ट गर्ने कार्यक्रम छ, अहिलेसम्म आठ किलोमिटर सम्पन्न भइसकेको छ, अब १७ किलोमिटर बाँकी छ, मौसमले साथ दियो भने यस आर्थिक वर्षमा १८ देखि १९ किलोमिटर गर्ने कार्यक्रम छ ।"-उनले भने ।

निर्माण कम्पनीले रुरुक्षेत्र गाउँपालिका, छत्रकोट र गुल्मीदरबार क्षेत्रमा 'ग्रेड कटिङ' र मोड सुधारको काम अन्तिम चरणमा पुगेको जनाएको छ। सम्झौताअनुसार कटिङ, नाली, संरचना निर्माण र ग्राभेलको काम द्रुतगतिमा भइरहेको छ । पच्चीस किमी सडकअन्तर्गत दुई किमी ढलान र छ किमी कालोपत्र भइसकेको आयोजना कार्यालयका सूचना अधिकारी हुमनाथ पौडेलले बताए ।

उक्त सडकखण्डमा हालसम्म ७० प्रतिशत भौतिक र ५५ प्रतिशत वित्तीय प्रगति भइसकेको छ। सडक निर्माणका क्रममा गत दुई वर्ष यस क्षेत्रका नागरिकले धुलो र हिलोको समस्या भोग्नुपरेको थियो ।

सडक निर्माणका लागि २०७९ फागुन २६ मा समानान्तर-एलाइट जेभीले रु एक अर्ब ५० करोडको लागतमा रिडी-रुन्खादह सडकको ग्रेड कटिङ, मोड सुधारसँगै कालोपत्र गर्ने सम्झौता भएको थियो ।

शिवराज नगरपालिकाको अनुरोध

गर्मी तथा वर्षायाममाको समयमा सचेत रहौं

**गर्मी समयमा विभिन्न जातका किरा, फटयांग्रा तथा बिषालु सर्पहरू घर, आँगन, कोठा तथा घरवरिपरि देखिने र टोक्ने / डस्ने भएकोले सचेत हुँदै सुरक्षित रहन निम्न कुराहरूमा ध्यान दिउँ ।**

– घर कोठा, आँगन वरिपरि नियमित सरसफाइ गरी झारपात र झाडी हटाऔं ।
-आफू सुत्ने विस्तारा सधै टक्टक्याउने, सफा गर्ने र झुल लगाएर सुत्ने गरौं ।
-घर अगाडिको बाटो, पानी जम्ने खाल्डाखुल्डी, किरा फट्यांग्रा पस्ने निस्कने प्वालहरू पुरी वा बन्द गरौँ ।
-अध्याँरोमा नहिडौं । अति आवश्यक परे टृच लाइट बालेर हिडौं ।
-खेत आलीको घासपात गर्दा अघि पछि हेरेर होसियार पूर्वक गरौं ।
-बालबालिकालाई खेल्ने आँगन, मैदान सुरक्षित छ छैन, निरीक्षण गरी हिलो र पानी तथा झारपात भएको स्थानमा खेल्न नपठाऔं ।
-किरा फट्यांग्रा तथा सर्पले टोकेको शंका लागे वा टोकेको अवस्थामा ढिला नगरी तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं । घरायसी झारफुक, धामिभाक्रीको अन्धविश्वासमा नपरौं ।

बाबुराम पौडेल — प्रमुख प्रशासकीय अधिकृत
शिव कुमारी चौधरी — उप–प्रमुख
अजय थापा — नगर प्रमुख

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही



विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com